०७३-FN-०२२२
२०८२।५।१

*सर्वोच्च अदालतमा दायर गरेको

निवेदन-पत्र

विषयः अन्तरकालिन आदेश जारी गरी पाउँ।

नेपाली कांग्रेस पार्टीको चौधौं महाधिवेशनबाट केन्द्रिय सभापति पदमा निर्वाचित डडेलधुरा जिल्ला गन्यापधुरा गा.पा. वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३ महाराजगन्ज डेरा गरी बस्ने शेर बहादुर देउवाको वारेस दिपक खड्का...............१ } निवेदक

विरुद्ध

निर्वाचन आयोग, बहादुर भवन, कान्तीपथ काठमाडौं...............१

नेपाली कांग्रेसको कथित विशेष महाधिवेशन भनिएको भेलाबाट सभापतिमा निर्वाचित भएको भनिएका तात्कालिन महामन्त्री गगन कुमार थापा, नेपाली कांग्रेस पार्टी कार्यालय, ललितपुर जिल्ला, विपी नगर, सानेपा काठमाडौं...............१

नेपाली कांग्रेसको कथित विशेष महाधिवेशन भनिएको भेलाबाट उपसभापतिमा निर्वाचित भएको भनिएका तत्कालिन महामन्त्री विश्वप्रकाश शर्मा, नेपाली कांग्रेस पार्टी कार्यालय, ललितपुर जिल्ला, विपी नगर, सानेपा काठमाडौं...............१

नेपाली कांग्रेसको कथित विशेष महाधिवेशन भनिएको भेलाबाट निर्वाचित भएको भनिएको नेपाली कांग्रेस केन्द्रिय कार्यसमिति...............१ } विपक्षी

मुद्दाः उत्प्रेषण, प्रतिषेध, परमादेश समेत। (०८३-NF-०००२)

म निवेदक निवेदन वापत लाग्ने दस्तुर साथै राखी निम्न बेहोराको निवेदन गर्दछु।

१. म निवेदकले नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीबाट मिति २०८२।०९।१७ मा जारी सूचनाका आधारमा मिति २०८२।०९।२७ देखि ३० गतेसम्म सम्पन्न गरिएको भनिएको विशेष महाधिवेशन नेपाली कांग्रेसको विधान, २०१७ को धारा ३(१२), १७(२), २७(१) लगायतका व्यवस्था विपरीत गैरकानुनी रहेको दावी गर्दै उक्त विशेष महाधिवेशनबाट गठित केन्द्रीय कार्यसमिति, आधिकारिकता प्रदान गर्ने लगायतका सम्पूर्ण निर्णय तथा कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी पूर्णबहादुर खड्काले पाई पूर्ण बहादुर खड्काको नेतृत्वमा रहेको केन्द्रीय कार्यसमितिलाई यथावत् काम गर्न परमादेशको माग साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम आधिकारिकता कायम रहने भनि आवश्यक केन्द्रीय समितिका सदस्यको हस्ताक्षरसहितको दावी पेश भइसकेको अवस्थामा निर्वाचन आयोगले हस्ताक्षरकर्ताको आधिकारिकता, आवश्यक प्रमाण तथा तथ्यको समुचित मूल्याङ्कन नगरी



CamScanner

मिति २०८२।१०।०२ मा विशेष महाधिवेशनबाट गठित समितिलाई अद्यावधिक आधिकारिकता प्रदान गरेको निर्णय गैरकानुनी तथा गैरसंवैधानिक रहेको भनि सम्मानित सर्वोच्च अदालतमा दायर रिट निवेदन मुद्दा नं. ०८२-WO-०७७३ मा विशेष महाधिवेशन र सो बाट आएको नेतृत्वलाई वैधानिकता दिने गरि भएको निर्वाचन आयोगको निर्णयलाई सदर गर्ने गरि मिति २०८३।०१।०४ मा सम्मानित सर्वोच्च अदालतको डिभिजन बेन्चबाट भएको निर्णय फैसलालाई प्राकृतिक न्यायको सिद्धान्तको त्रुटी गरि भए गरेको देखिएको भनि पुनरावलोकन गर्ने गरि मिति २०८३।४।२१ मा निस्सा प्रदान भई उक्त विषय हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ ।

२. यस मुद्दामा सम्मानित सर्वोच्च अदालतको संयुक्त ईजलासबाट मिति २०८३/१/४ मा भएको फैसला उपर पुनरावलोकनको निवेदन परी सम्मानित अदालतको मिति २०८३/४/२३ मा पुनरावलोकनको निस्सा प्रदान गर्दा राजनितिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ तथा राजनितिक दल सम्वन्धी नियमावली,२०७४ को नियम २५ बमोजिम विवरण अद्यावधिक गर्नु अघि निवेदकहरुलाई सुनुवाईको मौका प्रदात गर्नुपर्ने भन्ने ने.का.प.२०६८ अंक ८ नि.नं.८६६३ र ने.का.प.२०६९ अंक ८ नि.नं.८८७१ मा यस अदालतबाट प्रतिपादित कानुनी सिद्धान्त समेतको परिपालनको प्रश्न सन्निहित रहेको देखिएको साथै प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त अद्यावधिक पूर्व निवेदकले सुनुवाईको मौका नपाएको प्रष्ट आधार किटान गरि पुनरावलोकनको निस्सा प्रदान भई पुनरावलोकनको रोहबाट फैसला पुनरावलोकन गर्ने आदेश जारी भइसकेको अवस्था छ । यस सम्मानित अदालतवाट भएको प्रस्तुत मुद्दाको फैसला पुनरावलोकनको प्रक्रियामा प्रवेश गरिसकेको र फैसलाको अन्तिम न्यायिक परीक्षण हुन बाँकी रहेको अवस्थामा सोही पूर्व फैसलालाई आधार बनाई विपक्षीबाट भए गरिरहेको र गर्न सक्ने कार्यबाट निवेदक तथा पार्टीको संरचना, तमाम पार्टी कार्यकर्ता समेतका हक, अधिकार, दायित्वलाई प्रतिकुल असर पर्ने प्रकृतिका विभिन्न कार्य-कारवाही हुनसक्ने गरी समाचारहरु प्रकाशनमा आएको हुँदा त्यस्ता काम कारवाही रोकी यथास्थितिमा राखि पाउ भनि प्रस्तुत निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु । नेपाली कांग्रेसका विधि विधान पद्धति; जनताको पार्टी प्रतिको आस्था विश्वास समेत डगमग हुने गरि विपक्षीहरुबाट कार्य भैरहेको र हुनसक्ने समेतको अवस्था विद्यमान छ साथै विवादित विषयमा न्याय प्रशासन ऐन,२०७३ को दफा ११ को उपदफा २ को खण्ड (ख) बमोजिम यस अघि भएको फैसला पुनरावलोकनको अनुमति प्राप्त भई पुनः सुनुवाइको अवस्थामा रही मुद्दा अदालतमा विचाराधिन रहिरहेको अवस्थामा विपक्षीबाट स्थानिय तह, प्रदेश, महाधिवेशन प्रतिनिधि गठन छनौट लगायतका कार्यहरु भएमा पार्टीलाई पूर्वावस्थामा फर्काउन कठिन वा असम्भव भई नेपाली कांग्रेस पार्टी, तमाम कार्यकर्ता एवं निवेदक समेतलाई अपूरणीय क्षति पुग्न सक्ने अवस्था विद्यमान रहे भएकोले तत्काल विपक्षीका सबै गतिविधिका काम गर्नबाट रोक्न नितान्त आवश्यक रहेको र विपक्षीहरु समेतले हामी अदालतमा पुनः हाम्रा कुराहरु स्पष्ट संग राख्छौं भनि सञ्चार माध्यमहरु समेतमा भन्दै आएको समेतवाट विपक्षीहरुले प्रकाशन गरे अनुसारको कार्यक्रम अगाडी बढाएमा अदालतमा दायर रिटको व्याख्याले प्रजातन्त्र माथिको विश्वास र विधिको शासनको सम्मानलाई झन् विभिन्न आयामबाट सम्मानित सर्वोच्च अदालतले व्याख्या गर्दा घटनामा परिवर्तन नभएको अवस्था रहिरहेमा पक्षले प्राप्त गर्ने न्याय पूर्ण रुपमा परिपालना हुने र रिटमा प्राप्त निस्साको सम्मानमा प्रतिकूलता सृजना हुने भएकोले विपक्षीबाट प्रस्तुत मुद्दाको निस्सा प्राप्त भएपश्चात गरिने सबै कार्य रोकी पाउं भनि यो निवेदन गर्न आएको छु । विपक्षीहरूको उक्त काम-कारवाही तत्काल रोकिएन भने पुनरावलोकनको

मुद्दाबाट निवेदकको पक्षमा फैसला भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन गर्न कठिन हुने, निवेदकको हक तथा हितमा अपूरणीय क्षति पुग्ने र न्यायिक उपचार नै निष्प्रभावी हुने अवस्था उत्पन्न हुन सक्छ ।

३. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२० ले सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने असाधारण प्रकृतिको अधिकारको व्यवस्था गरेको छ. यसबाट पुनरावलोकनको निस्सा प्राप्त भई मुद्दा विचाराधीन रहेको अवस्थामा सो पुनरावलोकनबाट हुन सक्ने न्यायिक परिणामलाई नै प्रतिकूल प्रभाव पार्ने गरी मूल फैसला वा आदेश कार्यान्वयन गरी नयाँ हक, दायित्व वा कानूनी अवस्था सिर्जना गर्नु न्यायिक प्रक्रियाको उद्देश्यविपरीत हुन जाने देखिन्छ । त्यस्तै, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३१(घ) ले फैसला कार्यान्वयन स्थगनको प्रत्यक्ष कानूनी आधार प्रदान गर्दै दफा २२० बमोजिम पुनरावलोकनको आदेश भएको अवस्थामा पुनरावलोकन मुद्दाको अन्तिम किनारा नभएसम्म फैसला कार्यान्वयन स्थगन गर्न सकिने व्यवस्था गरेको छ । यस व्यवस्थाको उद्देश्य पुनरावलोकनको न्यायिक प्रक्रिया चलिरहेकै अवस्थामा मूल फैसला कार्यान्वयन गरी पुनरावलोकनबाट प्राप्त हुन सक्ने उपचारलाई निरर्थक हुन नदिनु हो । पुनरावलोकनको निस्सा प्रदान भइसकेपछि मूल फैसला यथावत् अन्तिम र अपरिवर्तनीय परिणामको रूपमा व्यवहार गरी त्यसका आधारमा विपक्षी निवेदकको हकमा अपूरणीय असर पर्ने अन्य काम-कारबाही गरिएमा पछि पुनरावलोकनबाट मूल फैसला परिवर्तन वा बदर भए पनि उत्पन्न भइसकेको कानूनी तथा व्यवहारिक अवस्थालाई पूर्ववत् अवस्थामा फर्काउन कठिन वा असम्भव हुन सक्छ । त्यसैले न्यायको प्रभावकारिता, उपचारको सार्थकता र निर्णयको व्यावहारिक कार्यान्वयन कायम राख्न पुनरावलोकनको रोहमा विचाराधीन रहँदासम्म मूल फैसला कार्यान्वयनमा रोक लगाउनु आवश्यक हुन्छ ।

४. यसरी सम्मानित सर्वोच्च अदालतबाट मिति २०८३/४/२१ मा पुनरावलोकनको निस्सा प्राप्त भईसके पश्चात पनि कथित केन्द्रिय कार्यसमितिको बैठक बसी निर्णय गरेको भन्दै विपक्षी निर्वाचन समितिले मिति २०८३/५/२ गते निर्वाचन तालिका प्रकाशित गरी पुनरावलोकन निस्साको मर्म, भावना तथा उद्देश्य विपरीत पुनरावलोकन पछि गरिने न्याय सम्पादनलाई नै प्रतिकूल प्रभाव पार्ने गरी निर्वाचन प्रक्रिया अगाडी बढाउने भनि सार्वजनिक समाचार प्रकाशन गरे गराएको सदस्यता नविकरण सम्बन्धिी सम्पूर्ण कार्यलाई डिजिटल अद्यावधिक गर्ने नाउंमा आफूखुशी नयां सदस्यता समेत प्रदान गरि निर्वाचनमा आफ्नो स्वार्थ अनूकुल परिणाम ल्याउने जस्ता बदनियतपूर्ण भए गरेको प्रष्ट छ यसरी निर्वाचन गराएमा नेपाली काँग्रेसको ठुलो हिस्सा यस अधिवेशनमा समावेश हुनबाट बन्चीत हुन गई नेपाली काँग्रेस पार्टीको ठुलो हिस्साको संवैधानिक, कानुनी तथा अन्तर्राष्ट्रिय अनुबन्ध हरुले प्रत्याभुत गरेको हक अधिकारमा प्रत्यक्ष असर पर्न सक्ने भएकोले विपक्षी निर्वाचन समितिले मिति २०८३/५/२ गतेको सुचना बमोजिमको कार्यहरु रोकी ०८२-wo-०७७३ को रिट निवेदनको अन्तिम निर्णय नभईन्जेल निर्वाचन सम्बन्धी कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनि तथा गर्न नदिनु भन्ने समेतको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ बमोजिम अन्तरकालिन आदेश जारी गरि पाउँ ।

५. अतः निस्सा प्रदान भई मुद्दा पुनरावेदनको रोहमा सुनुवाईको क्रममा रहि सम्मानित अदालतमा विचाराधीन रही अन्तिम रूपमा टुंगो नलागेसम्म विपक्षीहरूबाट निवेदकको हक, हित तथा कानूनी अवस्थालाई प्रतिकूल असर पर्ने कुनै पनि प्रकारको कार्य, निर्णय, आदेश, कार्यान्वयन, हस्तान्तरण,

नामसारी, दर्ता, असुलउपर वा अन्य कुनै काम-कारबाही नगर्नु/नगराउनु तथा हाल कायम रहेको वस्तुस्थिति एवं कानूनी अवस्थालाई परिवर्तन नगर्नु/नगराउनु भनी आवश्यक तथा उपयुक्त आदेश जारी गरिपाउ । प्रस्तुत रिट निवेदनको प्रकृति, विषयवस्तु तथा पुनरावलोकनको निस्सा प्राप्त भई सो मुद्दा सम्मानित अदालतमा विचाराधीन रहेको अवस्थासमेतलाई दृष्टिगत गरी विपक्षीहरूका नाममा कारण देखाऊ आदेश जारी गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार प्रदान गर्दै शीघ्र सुनुवाइ गरिपाउँ । प्रस्तुत विवादको प्रकृति, न्यायको उद्देश्य, निवेदकको हकको संरक्षण तथा प्रभावकारी न्यायिक उपचार सुनिश्चित गर्न सम्मानित अदालतलाई उचित र आवश्यक लागेका अन्य कुनै उपयुक्त आदेशसमेत जारी गरिपाउँ । साथै, पुनरावलोकनको निस्सा प्रदान भई सम्मानित अदालतमा विचाराधीन रहेको अवस्थामा विपक्षीहरूबाट मूल फैसला/आदेशलाई आधार बनाई निवेदकको हकमा प्रतिकूल असर पर्ने तथा पुनरावलोकनबाट हुन सक्ने अन्तिम निर्णयलाई नै प्रभावहीन वा निष्प्रभावी बनाउने प्रकृतिका काम-कारबाही गर्न लागिएको हुँदा उक्त कार्य तत्काल नरोकिएमा निवेदकलाई पछि अपूरणीय क्षति पुग्नुका साथै पुनरावलोकनबाट प्राप्त हुन सक्ने प्रभावकारी न्यायिक उपचारसमेत निष्प्रभावी हुने स्पष्ट अवस्था रहेको छ । तसर्थ, प्रस्तुत मुद्दाको अन्तिम टुंगो नलागेसम्म वडा, गाउँ/नगर, जिल्ला, प्रदेश, र केन्द्रिय अधिवेशनहरु लगायत कुनै पनि काम कारवाहि कार्यान्वयन नगर्नु/नगराउनु, निवेदक लगायत पार्टीका समस्त नेता कार्याकर्ताको हकमा असर पर्ने कुनै थप निर्णय वा काम-कारबाही समेत नगर्नु/नगराउनु तथा विद्यमान वस्तुस्थिति र कानूनी अवस्था यथावत् कायम राख्नु भनी निर्वाचन समितिले मिति २०८३/५/२ गते प्रकाशित गरेको निर्वाचन तालिका वमोजिमको निर्वाचन प्रक्रिया तत्काल रोकीं यथावस्थामा राख्नु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ वमोजिम अन्तरकालिन आदेश जारी गरि पाउँ ।

६. संलग्न कागज

(क) मिति २०८३।५।२ को निर्वाचन समितिका सुचनाको प्रतिलिपि

७. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहुला बुझौला ।

निवेदक

निज वा. दिपक खड्का

ईतिसम्वत् २०८३ साल भदौ महिना ८ गते रोज २ शुभम्.............................................. ।